# प्रथम अध्यक्षता र भेट गर्ने शिक्षिकाको सन्देश, मार्च २०१३
# प्रथम अध्यक्षताको सन्देश, मार्च २०१३

# शान्ती, स्थीर हुनू

**अध्यक्ष थोमस एस. मोनसनद्वारा**

एक दिन केहि वर्ष अगाडि, कार्यलयका कामहरू सकेपछि, मैले एक वृद्धा विधवालाई भेट्ने एउटा दह्रिलो प्रेरणा महसुस् गरैं जो सल्ट लेक सिटीको एउटा बृद्धा स्याहार केन्द्रको विरामी थिइन् । म गाडी लिएर सिधै त्यहाँ पुगैं ।

जब उहाँको कोठामा गएँ, मैले त्यो खाली भेटाएँ । मैले एउटा सेवकलाई उहाँको बारेमा सोधैं र मलाई बस्ने ठाँउतिर पठाइयो । त्यहा मैले यी प्यारी विधवालाई आफ्नो बहिनी र अर्को एउटा साथीसँग कुरा गरिरहेको भेटाएँ । हामीहरूले रमाइलो कुराकानी गर्‍यौं ।

जब हामी कुरा गर्दै थियौं, भेन्डीङबाट एउटा सोडाको केन लिन एउटा मान्छे त्यो कोठाको ढोकामा आयो । उसले मलाई हेर्‍यो र भन्यो, "किन, तिमी टम मनसन हौ ।"

"हो," मैले जवाफ दिएँ । " अनि तिमी एक हेमिङवे जस्तै देखिन्छौ ।"

उसले स्वीकार्‍यो कि उ एलफ्रेर्ड यूजिन हेमिङवेको छोरा स्टिफन हेमिङवे हो, , जसले धेरै बर्ष अगाडी म विशप छदा मेरो सल्लाहाकारको रूपमा सेवा गरेका थिए र जसलाई मैले जिन भनेर बोलाउथैं । स्टिफनले मलाई भन्यो कि उसको पिता त्यहि ठाँउमा हुनुहुन्छ र मृत्युको नजिग हुनुहुन्छ । जिनले मेरो नाम लिइ रहेका थिए र त्यो परिवारले मलाई सम्पर्क गर्न खोजिरहेका थिए तर मेरो टेलिफोन नंम्बर पत्ता लगाउन सकेका थिएनन् ।

मैले तत्कालै विदा लिएँ र स्टिफनसँग मेरा पुर्व सल्लाहाकारको माथीको कोठामा गएँ, जहाँ उहाँका अरू बच्चाहरू पनि जम्मा भएका थिए, उनकी पत्नी केही वर्ष अघि नै बितिसकेकी थिएन् । त्यो परिवारका सदस्यहरूले स्टिफनले बस्ने ठाँउमा मलाई भेट्नु उहाँको मृत्यू भन्दा अगाडि मैले उनिहरूका पितालाई भेटोस् र उहाँको चाहनालाई पूरा गरोस् भनी गरेको इच्छाको स्वर्गका पिताको जवाफका रूपमा लिए । मैले पनि यहि महसुस् गरैं, किनभने यदि म भेटघाट गरिरहेको कोठामा स्टिफन त्यहि समयमा नपसेको भए, मैले जिन त्यही ठाँउमा छ भन्ने थाहा पाउने थिइन ।

हामीले उहाँलाई आशिष दियौं । एउटा शान्तीको आत्मा त्यहाँ छायो । एउटा रमाइलो भेटघाट भयो, जस पछि म हिडे ।

म र उहाँको छोराबाट आशिष प्राप्त गरेको मात्र २० मिनट पछि जिन हेमिङवेको मृत्यू भएको भोलिपल्ट एक फोन कलले कुराको जानकारी दिलायो।

मैले स्वर्गका पितालाई उहाँको निर्देशनरुपी प्रभावका लागि धन्यबाद स्वरुप एउटा मौन प्राथना व्यक्त गरे, जसले मलाई स्याहार केन्द्रसम्म पुग्न प्रोत्साहन गर्‍यो र मलाई मेरा प्यारा मित्र एलफ्रेर्ड यूजिन हेमिङवे सम्म पुग्न निर्देशित गर्‍यो ।

म हामीले आत्माको प्रकाशमा रमाउँदा, बिनम्र प्रार्थनामा सहभागि हुँदा, र पादरित्व आशिबार्द प्रदान गर्दाका त्यो साझका जिन हेमिङवेका विचारहरूलाई मनन गर्न चाहन्छु - जब- "Master, the Tempest Is Raging" भन्ने भजनका सब्दहरू प्रतिध्वनीत गर्‍यो" :

अडिनुहोस् , ए आशिषत मुक्तिदाता !

मलाई अब एक्लै नछोड्नुहोस्,

अनि खुशीसाथ मैले आशिषितलाई आश्रय दिनेछु ।

अनि त्यो सुखदायी किनारमा आराम दिनेछु ।

मैले अझै पनि त्यो भजनलाई मन पराउछु र त्यसले दिने आनन्दको गवाही दिन्छु :

चाहे त्यो आँधिको रागले उथुलपुथल भएको समुन्द्र होस्

वा राक्षेसहरू वा मानिस वा जेसुकै भए पनि,

पानीले त्यो जहाजलाई निल्न सक्दैन जहा

समुन्द्र र पृथ्वी र आकासका मालिक हुनुहुन्छ ।

उनिहरू सबैले आत्मीयतापूर्वक तपाइको इच्छालाई स्विकार गर्नेछन् :

शान्ती, स्थीर बन । १

आफ्ना प्रियजनहरू गुमाउदाका आँसुहरू र चुनौतिहरू, डरहरू र पीडाहरू, मनदुखाई र एक्लोपनमा गुज्रिए तापनि, त्यहाँ जीवन अनन्तको हुन्छ भन्ने सुनिश्चितता छ । त्यो त्यस्तो हो भन्ने जिवीत गवाही हाम्रा परमप्रभु र मुक्तिदाता हुनुहुन्छ । २ पवित्र शास्त्रमा उहाँका शब्दहरू पर्याप्त छन् : "स्थीर बन, र जान कि म परमेश्वर हुँ " (भनजसंग्रह ४६:१०) । म यो सत्यको गवाही दिन्छु ।

**सूचीहरू**

१. "Master, the Tempest Is Raging," भजनहरू, सं १०५ ।

२. हेर्नुहोस् रिचार्ड एल् इवान्स्, "So Let Us Live to Live Forever," *New Era*, जुलाई १९७१, १८ ।

यो सन्देशबाट सिकाउने

यो सन्देशले ती व्यक्तिहरूलाई सान्त्वना दिन सक्छ जसले आफ्ना प्रियजन गुमाएका छन वा जसले कुनै चुनौतीमा संघर्ष गरिरहेका छन् । अध्यक्ष मनसनको सन्देशको साथसाथै, तपाइले पढाउनेहरूको आवस्यक्ता अनुसार यी मध्ये कुनै एक धर्मशास्त्र बाँड्ने कुरालाई प्राथमिकता दिनुहोस् :अयूब १९:२५-२६; १ कोरिन्थी १५:१९-२२ ; मोसाया २४:१३-१५ ; सिद्धान्त र करार १२२:७-९ । यदी प्रेरणा मिलेमा तपाइलाई मुक्तिदाताले तपाइका चुनौतीहरूमा दिएको शान्तीका बारेमा गवाही दिन सक्नुहुन्छ ।

कृपया मेरो हृदयलाई चङ्गाइ दिनुहोस्

केल्सी लिडोक्स्द्वारा

मेरो भाइको मृत्यूको वार्षिकीमा, उ मरे पछिको मेरो समयलाई मैले विचार गरे । मैले आफूले पाएको गहिरो पिडालाई मात्रै नभई परमेश्वरले दिनुभएका आशिषहरूलाई पनि सम्झे ।

मैले कहिले पनि बुझेको थिइन कि कसरी मान्छेहरूले आफ्नो प्रियजनको मृत्यूले आशिषहरू ल्याउछन् भन्न सक्थे । मलाई अति नै गहिरो पीडा पुऱ्याएको कुराबाट मैले कसरी खुशी र कृतज्ञता पाउन सक्थेँ भनेर मैले बुझ्न सकेको थिइन । तथापी, एउटा रात थियो जसले मेरो बिचारलाई पूर्ण रूपमा परिवर्तन गरिदियो ।

म मध्य रातमा अहिले सम्मकै भारी हृदय लिएर जागेँ । त्यो पिडाले मलाई उकुसमुकुस बनाइरहेको थियो । मैले आफ्नो घुँडा टेकेर मेरा स्वर्गका पिता सामु प्रार्थना गर्नुपर्छ भन्ने महसुस गरेँ । मेरो जिवनभर मलाई प्रायश्चित्त र येशू ख्रिष्टको चमत्कारी चङगाई शक्तिका बारेमा सिकाइएको थियो । अहिले मेरो

आस्थाको परिक्षण भई रहेको थियो । के मैले साँच्चीकै विस्वास गरेँ ? मैले मेरा परमेश्वर पितालाई कृपया मेरो हृदयलाई चङगाई गरिदिनुहोस् भनेर अनुरोध गरेँ । त्यो पिडा म एक्लैले बहन गर्न अतिनै कठीन थियो ।

त्यस पछि शान्ती, आराम र मायाको अनुभुती मेरो सम्पूर्ण शरिरमा फैलियो । मैले परमेश्वरले उहाँका हातहरूले मलाई अङ्कमाल गरेको र मैले अनुभुती गरेको गहिरो पिडाबाट मलाई बचाउन खोजेको महसुस् गरेँ । मैले मेरो भाइलाई सम्भिmरहेँ तर मैले अर्कै आँखाहरूले हेर्न सकेँ । यो अनुभवबाट मैले सिक्न सक्ने धेरै थियो ।

परमप्रभुको माया र शान्ती उपलब्ध छन् भनेर मलाई थाहा छ । हामी केवल सहभागी हुनुपर्छ ।

स्थिर रहन छनोट गर्नुहोस्

अध्यक्ष मनसन भन्नुहुन्छ कि जब हामी स्थिर र श्रद्धालु रहन्छौँ, हामीले शान्ती महसुस् गर्छौँ र हाम्रा स्वर्गका पिता प्रतिको अझ बलियो गवाही प्राप्त गर्न सक्छौँ । र पवित्र आत्माले हामीलाई अरूलाई सहयोग गर्न सक्ने तरिकाहरूका बारेमा अझै राम्रोसँग प्रोत्साहन दिनुहुन्छ ।

तपाईं स्थिर रहन सक्ने एउटा तरिकाका बारेमा लेख्नहोस् वा आफ्ना आमाबुबाहरूसँग छलफल गर्नुहोस् । अनि यो हप्ता समय निकाली त्यसलाई प्रयोग गर्नुहोस् । तपाइले त्यसो गरिसकेपछि, तपाईले प्राप्त गरेका भवनाहरू र प्रेरणाहरूलाई आफ्नो दैनिकीहरूमा लेख्न सक्नुहुन्छ ।

© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१२ । अनुवाद अनुमोदनः ६/१२ । प्रथम अध्यक्षताको सन्देश, March 2013 को अनुवाद । भाषा Nepali 10663-372

# भेटगर्ने शिक्षिकाको सन्देश, मार्च २०१३

## सक्रियता

प्रार्थनापूर्वक यो पाठ्य सामाग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल गर्नुहोस् । तपाईँका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीबनको एक सक्रीय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् । **थप जानकारीका लागि, reliefsociety.lds.org मा हेर्नुहोस् ।**

आस्था , परिवार , सहायतता

हाम्रा अगमवक्ता, थमस एस् मनसनले हामीलाई "हामो सहयोग चाहिनेलाई उद्धार गर्न हात बढाउन र उनिहरूलाई उच्च र असल मार्गमा पुऱ्याउन" प्रोत्तसाहन गर्नुभएको छ । ...यो परमप्रभुको कार्य हो, र जब हामी उहाँको काममा हुन्छौँ, ...हामीले परमप्रभुको सहयोग पाउछौँ ।" १

धेरै बर्ष अगाडि लाविन कल र उहाँको भेटगर्ने साथीले एक कम–सक्रिय बहिनीलाई भटे । उनिहरूले ढोका ढक्ढकाए र एउटा वयस्क आमालाई नुहाए पछि लगाउने लुगामा भटे । उनि बिरामी देखिन्थिन् तर उनको समस्या रक्सी थियो भनेर तिनीहरूले महसुस गरिहाले। भेटगर्ने शिक्षिहरूले बसे र ती संघर्ष गरिरहेकी आमासँग कुरा गरे ।

उनिहरू त्यहाबाट गए पछि, उनिहरूले भने, " उनी परमेश्वरकी सन्तती हुन् । हामीमा उनलाई सहयोग गर्ने दायीत्व छ ।" त्यसैले उनिहरूले बारम्बार भेट्न गए । हरेक पटक तिनीहरूले असल कुराको एक परिवतर्न देख्न र महसुस् गर्न सक्थे । उनिहरूले ती बहिनीलाई साहत समाजमा सहभागी हुन अनुरोध गरे । हिच्कीचाएर भए पनि, उनि अन्ततः नियमीत रूपमा सहभागि भइन् । पतिले पवित्र आत्माको महसुस् गरे । उनले भने, "मैले विशपले जे सुझाव दिनुहुन्छ म त्यहि गर्नेछु ।" अहिले उनिहरू चर्चमा सक्रिय छन् र उनिहरू मन्दिरमा गएर बाँधिइसकेका छन् । २

धर्मशास्त्रहरूबाट

३ नफी १८ : ३२ ; सिद्धान्त र करार ८४ : १०६ ; १३८ : ५६

हाम्रो इतिहासबाट

विचलित भएका तिनीहरूलाई येशू ख्रिष्टको सुसमाचारमा फेरि आउनका लागि सहयोग गर्नु एउटा अन्तिम दिनको सन्त र एउटा राहत समाजको सदस्यका लागि सधै अभिन्न अङ्ग बन्दै आएको छ । अध्यक्ष ब्रिघम यङले (१८०१–७७) भन्नुभयो, "हामी एक अर्कामा दया गरौं, ...र जसले देख्न सक्छन् उनिहरूलाई अन्धाहरूको अगुवाई गर्न दियौं जबसम्म तिनीहरू आफैले उनीहरू स्वयंका लागि देख्न सक्दैनन् ।"३

इलाइजा आर स्नो, राहत समाजको दोस्रो साधरण सदस्य, कृतज्ञतापूक ओग्डेन, यूटा, यूएसएमा, एक अर्कालाई मज्बुत बनाउने दिदीबहिनीहरूको कार्यलाई पहिचान गर्नुभयो । "मलाई राम्रोसँग थाहा छ कि त्यस्तो धेरै दान गरिन्छ (सेवाको हिसाबले) जुन कहिले पनि (अभिलेख) पुस्तिकामा पुग्दैन," उहाँले भन्नुभयो । उहाँले भन्नुभयो, तर हृदयहरू चिसा भएकाहरूप्रति ती दिदीबहिनीहरूको कार्य स्वोर्गीय अभिलेखमा पहिचान गरिएको हुन्छ : "अध्यक्ष जोसेफ स्मिथले भन्नुयो कि यो समाज आत्माहरू बचाउन संघठित गरिएको हो । ...तपाईको आस्था, तपाइको दया, तपाइका राम्रा कार्यहरू, र शब्दहरूका लागि अर्को किताब राखिएको छ । ... केहि पनि हराउने छैन ।" ४

सूचिहरू

१. थमस् एस मनसन, “The Sacred Call of Service” *Liahona,* मे २००५, ५५, ५६ ।

२. लाविन कलकी छोरीबाट राहत समाजको साधरण अध्यक्षतालाई पत्र ।

३. ब्रिघम यङ, *Daughters in My Kingdom: The History and Work of Relief Society* मा (२०११), १०७ ।

४. इलाइजा आर स्नो, *Daughters in My Kingdom* मा, ८३ ।

मैले के गर्न सक्छु ?

१. के म एउटा कम–सक्रिय बहिनीलाई राहत समाजको सभामा मसँग सहभागी बन्न आग्रह गर्न सक्षम छु ?

२. के मैले हेरचाह गर्ने दिदीबहिनीहरूले मसँग सुसमाचारका बारे प्रश्नहरू सोध्न सजिलो मान्नुहुन्छ ?

© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१२ । अनुवाद अनुमोदनः ६/१२ । भेटगर्ने शिक्षीकाको सन्देश, March 2013 को अनुवाद । भाषा Nepali 10663-372